बैठक नं. २/(२०८२-२०८३)

आज मिति २०८२ साल असोज २४ गते दिउसो १:०० भेरी नगरपालिकाका नगर प्रमुख श्री चन्द्र प्रकाश घर्ती ज्युको अध्यक्षतामा तपशिलमा उल्लेखित नगर कार्यपालिकाका सदस्यहरुको उपस्थितिमा बैठक बसी निम्नानुसार निर्णय गरियो ।

उपस्थिति

| क्र स | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री चन्द्र प्रकाश घर्ती | नगर प्रमुख | |
| २ | श्री सिता जैसी | नगर उप प्रमुख | |
| ३ | श्री दिपक राना | वडा अध्यक्ष वडा नं - १ | |
| ४ | श्री भीम बहादुर कार्की | वडा अध्यक्ष वडा नं - २ | |
| ५ | श्री लिला बहादुर शाह | वडा अध्यक्ष वडा नं - ३ | |
| ६ | श्री बसन्त प्रसाद शर्मा | वडा अध्यक्ष वडा नं - ४ | |
| ७ | श्री लाल बहादुर चन्द | वडा अध्यक्ष वडा नं - ५ | |
| ८ | श्री शशिराम बुढा | वडा अध्यक्ष वडा नं - ६ | |
| ९ | श्री दिप बहादुर शाही | वडा अध्यक्ष वडा नं - ७ | |
| १० | श्री वीर बहादुर चन्द | वडा अध्यक्ष वडा नं - ८ | |
| ११ | श्री हिरा प्रसाद शर्मा | वडा अध्यक्ष वडा नं - ९ | |
| १२ | श्री दल बहादुर राना | वडा अध्यक्ष वडा नं – १० | |
| १३ | श्री लक्ष्मी प्रसाद जैसी | वडा अध्यक्ष वडा नं – ११ | |
| १४ | श्री भक्त बहादुर मल्ल | वडा अध्यक्ष वडा नं – १२ | |
| १५ | श्री यज्ञ बहादुर बटाला | वडा अध्यक्ष वडा नं – १३ | |
| १६ | श्री लिला देवी गौतम वि.क | कार्यपालिका सदस्य | |
| १७ | श्री मोती नेपाली | कार्यपालिका सदस्य | |
| १८ | श्री सृजना घर्ती | कार्यपालिका सदस्य | |
| १९ | श्री भिम कुमारी पुन | कार्यपालिका सदस्य | |
| २० | श्री काली खत्री | कार्यपालिका सदस्य | |
| २१ | श्री मनिराम दमाई | कार्यपालिका सदस्य | |
| २२ | श्री गोपाल लोहार | कार्यपालिका सदस्य | |
| २३ | श्री डोटे नेपाली बादी | कार्यपालिका सदस्य | |
| २४ | श्री रोम बहादुर महत | प्रमुख प्रशासकीय अधिकृत | |
| | | आमन्त्रित | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

CamScanner

**मिति २०८२।०६।२४ गते भेरी नगरपालिका नगर कार्यपालिका बैठकको निर्णयहरु**

**बैठक संख्या: २**

१. हिन्दू धर्मालम्बीहरुको महान चाड शुभ दिपावली र छठ पर्व, २०८२ को पावन अवसरमा सम्पूर्ण भेरी नगरवासी लगाएत स्वदेश तथा विदेशमा बस्नुहुने सम्पुर्ण नेपालीजनमा सुख, शान्ति र समृद्धिको कामना सहित यि महान पर्वले शान्त, सभ्य, समुन्नत र न्यायपूर्ण समाज निर्माणमा अतुलनिय योगदान पुर्याई आपसि सदभाव र भाईचाराको सम्बन्ध कायम होस भन्ने अभिलास सहित कार्यपालिका सदस्यहरु विच एक आपसमा शुभकामना आदान प्रदान गरियो ।

२. ढुङ्गा, गिट्टी, बालुवा, उत्खनन् बिक्रि तथा व्यवस्थापन सम्बन्धि मापदण्ड,२०७७, प्रदेश कानून र यस नगरपालिकाको स्वीकृत IEE प्रतिवेदनले तोकेको मापदण्ड भित्र रहि E-Bidding प्रक्रिया बाट ठेक्का आह्वान गर्ने ।

३. वि.स. २०८२ जेष्ठ मसान्तमा नगरपालिकामा रोयल्टी रकम नतिरी नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी र वालुवा) भण्डारण गरी राखेको र ताकेता गर्दा समेत जरिवाना सहितको रोयल्टी रकम नतिरेकोले राजश्व परामर्श समितिले सिफारिस गरेको तपसिल बमोजिमको व्यक्ति र फर्महरुलाई तपसिलको रोयल्टी रकम सहित जरिवाना तोकि असुल गर्ने ।

तपसिल:

| क्र.स. | सम्बन्धित व्यक्ति तथा फर्मको नाम | नदीजन्यको विवरण | नदीजन्य भण्डारण गरेको स्थान | परिमाण घ मी | रोयल्टी रकम VAT सहित | जरिवाना रकम | असुल गर्नुपर्ने जम्मा रकम |
|---|---|---|---|---|---|---|---|
| १ | स्मार्ट सेन्ड एण्ड रिफाइनरी | ग्राभेल | भेरी नगरपालिका -११, लामितरा | २०३६.०६ | ४०७२१२ | ४०७२१२ | ८१४४२४ |
| २ | मिलन चदारा भेरी न.पा. ३, जाजरकोट | वालुवा | भेरी नगरपालिका -०१, कालेगाऊ | ५०.९६ | १०१९२ | १०१९२ | २०३८४ |
| ३ | असोक सिह ठकुरी भेरी न.पा. ३, जाजरकोट | वालुवा | भेरी नगरपालिका -०१, कालेगाऊ | ९६ | १९२०० | १९२०० | ३८४०० |

४. मिति २०८२/०४/१८ गते सुरक्षित प्रसुति केन्द्र स्थापनका लागि स्थलगत अध्ययन समितिको प्रतिवेदन अनुसार सुरक्षित प्रसुति केन्द्र स्थापनका सम्पुर्ण मापदण्ड पुरा भएको प्रतिवेदन प्राप्त भएको हुदा आधारभुत स्वास्थ्य सेवा केन्द्र, भेरी नगरपालिका १, पिपेमा नयाँ प्रसुती केन्द्र स्थापना तथा संचालनका लागि स्वीकृती प्रदान गर्ने ।

५. बडा दशैंको अवसरमा परापूर्व काल देखि चल्दै आएको मौलो पुजा, कार्यालयमा हुने राष्ट्रिय झण्डा पुजा, तिज विशेष कार्याक्रम स्थानीय पञ्चेबाजा प्रवर्धनका लागि महिला समुह पञ्चेबाजा खरिद तथा विभिन्न खेलकुद कार्यक्रम लगायतका कार्य संचालन गर्न तपसिलमा उल्लेखित नियकायहरुलाई निम्न बमोजिमको रकम यस चालु आ.व. २०८२।०८३ को गत बर्षको अल्या रकमबाट बिनियोजित बिभिन्न खेलकुद महोत्सव, राष्ट्रिय महत्वका पर्व तथा विभिन्न साँस्कृतिक पर्वहरु को भुक्तानी शिर्षकमा बिनियोजित बजेटबाट भुक्तानी लेखे।

तपशिल

| क्र सं | कार्यक्रम | रकम |
|---|---|---|
| १ | झण्डा तथा मौला पुजा जिल्ला प्रशासन कार्यालय जाजरकोट | २०,००० |
| २ | झण्डा पुजा, नगरपालिकाको कार्यालय खलंगा जाजरकोट | ३५,००० |
| ३ | झण्डा पुजा, जिल्ला प्रहरी कार्यालय जाजरकोट | १५,००० |
| ४ | झण्डा पुजा, भवानीदल गण मालिका व्यारेक जाजरकोट | १५,००० |
| ५ | मौलो पुजा वडा नं ७ पुन्मा | १५,००० |
| ६ | पञ्चेबाजा महिला समुह वडा नं ३ र ४ | १,००,००० |
| ७ | २०८२ तिज विशेष कार्यक्रम | ७०,००० |
| ८ | जाजरकोट युवा क्रिकेट कल्ब, भेरी नगरपालिका (सानीभेरी प्रिमियर लिग प्रतियोगितमा सहभागीताका लागि) | २५,००० |
| ९ | युनाईटेड युवा कल्ब, भेरी नगरपालिका (विभिन्न खेलकुद प्रतियोगित संचालन) | ५०,००० |
| | जम्मा | ३,५०,००० |

६. यस नगरपालिका तथा पहाडी क्षेत्र विकास अभियान (HRDC) संग निम्नानुसारको वजेट साझेदारीमा तपशिलमा उल्लेखित योजनाहरु संचालन तथा सम्पन्नका लागि विनियोजन ऐन, २०८२ को समपुरक वजेट शिर्षकबाट खर्च लेख्ने गरि सम्झौता गर्ने।

तपशिल

| क्रसं | कार्यक्रम | भेरी नगरपालिका | HRDC | उपभोक्ता (जनश्रमदान) | जम्मा |
|---|---|---|---|---|---|
| १ | मुलपानी सोलार लिफ्ट खेपानी तथा सरसफाई योजना वडा नं ४ | २४,८४,४८६ (२०%) | ७९,५०,३५४ (६४%) | १९,८७,५८८ (१६%) | १,२४,२२,४२८ |
| २ | माई भगवती सोलार लिफ्ट खानेपानी तथा सरसफाई योजना वडा नं १२ र १३ | २४,८४,४८६ (२०%) | ७९,५०,३५४ (६४%) | १९,८७,५८८ (१६%) | १,२४,२२,४२८ |
| | जम्मा | ४९,३६,९६६ | १,५९,१८,३१४ | ३८,२६,३४८ | २,४६,८०,४२८ |

७ भेरी नगरपालिका नगर अस्पताल निर्माण कार्य मापदण्ड भन्दा विपरित रहेको भन्ने उजुरी सम्बन्धिको पत्र सम्मानीत अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय सुर्खेतबाट प्राप्त भएको र सोही योजनाको निर्माण व्यवसायी सिद्दि वाहन-वाई.के. जेभीले रनिङ्ग विल भुक्तानी मागेको हुदा मापदण्डको विषयमा टुङ्गो नलागे सम्म भुक्तानी प्रक्रिया अगाडी नबढाउने।

८ यस कार्यालय र कर्णाली वायो इनर्जि एण्ड फर्टिलाइजर प्रा.लि. वीच मिति २०७७।११।२८ गते जैविक मल तथा जैविक विषादी उत्पादन उद्योग संचालनका लागि भएको सम्झौता बमोजिम हाल उक्त उद्योग संचालनमा नरहेको देखिएको हुदाँ यथाशिघ्र संचालनका लागि उक्त प्रालिलाई पत्राचार गर्ने।

CamScanner